प्रदेश सरकार

समाजिक विकास मन्त्रालय

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

प्रदेश नं. २, जनकपुरधाम

# आपूर्तिशृंखला व्यवस्थापन कार्यसमूह (SCMWG) को कार्यविवरण

## १. पष्ठभूमी:

नेपालको संबिधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ र गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुर्याउने प्रणालीलाई आधार बनाई राष्ट्रिय स्वाथ्य नीति २०७६ तर्जुमागरि लागु गरेको छ । व्यवस्थापन महाशाखा बन्नुपूर्व आ वा २०५०/५१ (सन् १९९३) देखि नै केन्द्रमा आपूर्ति व्यवस्था महाशाखा, पाँच क्षत्रिय मेडिकल स्टोरहरु र जिल्ला स्वास्थ्य स्टोरहरु सहितको संजाल तयार गरि " स्वास्थ्य सामग्री नभए स्वास्थ्य कार्यक्रम पनि छैन " भन्ने नारालाई आत्मसाथ गर्दै आपूर्ति सूचना प्रणाली र जिन्सी व्यवस्थापन प्रणालीमा आधारित तथ्यपरक निर्णय परिपाटीद्वारा आपूर्ति शृंखला व्यवस्थापनलाई सुदृढ गर्दै आएकोमा हाल आएर सो महाशाखालाई बिगतको जस्तै कार्य सम्पादन गर्ने गरि आपूर्ति व्यवस्थापन शाखाको रुपमा व्यवस्थापन महाशाखामा गाभिएको छ । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र प्रदेश नं . २ को स्थापना २०७६ कार्तिक १ गते भएको हो । यस प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले आफानो स्थापना कालदेखि नै आपूर्ति व्यवस्थापन प्रणालीलाई परिणाममुखी बनाउन कमिक रुपमा सुधार गर्दै अघि बढदै आएको छ । जस्तै, वार्षिक खरिद योजना र एकिकृत खरिद योजनाको तर्जुमा, जिल्ला र स्थानीय तहमा खरिद योजना र प्रक्रिया संचालनमा सहजीकरण गर्ने तथा जिल्ला र पालिका तहमा अत्यावश्क औषधि तथा कार्यक्रमकालागि तोकिएका स्वास्थ्य सामग्री एवं औजार - उपकरणको खरिद, भण्डारण, वितरण, पुन:वितरण, ढुवानी, फिर्तीढुवानी व्यवस्था मिलाउने र आपूति सम्बन्धी सुचनाहरको व्यवस्थापन गर्ने ।

## २. आपूर्ति शृंखला व्यवस्थापन कार्यदलको गठन औचित्य:

- देशको संघीय परिपाटीमा स्वास्थ्य आपूर्ति शृंखलाको नीति र रणनीति अनुकुलन गर्न ।
- समाजिक विकास मन्त्रालय र स्वास्थ्य महाशाखाको दायरा बमोजिम स्वास्थ्य सामग्री आपूर्ति शृंखलाको संरचना र कार्यविवरण मिलाउन ।
- प्रदेश सरकारका सबै तहमा स्वास्थ्य सामग्री आपूर्ति शृंखला सुदृढीकरण निमित्त साझेदारी एवं सरोकारवालाहरु संलग्नता बिस्तार गर्ने ।
- आपूर्ति व्यवस्थापनका चुनौतिहरुको सामना गर्न व्यवस्थित कार्यशैली अपनाउन ।
- बिद्धमान आपूर्ति व्यवस्थापनको क्षमता एवं प्रभावकारिताको मुल्यांकन गर्न ।
- स्वास्थ्य सामग्रीको उपलब्धता सुनिश्चित गर्न आपूर्ति व्यवस्थापन प्रणालीमा सुधार ल्याउन ।
- आपूर्ति व्यवस्थापनका सूचकांक जस्तो मौज्दात सुन्य हुने (stock out), सामग्री उपभोग एवं मौज्दात प्रतिवेदन प्रेषण दर (LMIS Reporting), योजना मुताबिकको मौज्दात (ASL) स्तर,

प्रदेश सरकार समाजिक विकास मन्त्रालय जनकपुरधाम धनुषा

मागपूर्ति गर्ने समय र दर (OTD/OTIF), विश्व बैंकको डी एल आई (Disbursement linked indicators) प्राप्ति आदिको नियमित अनुगमन गर्ने ।

- प्रमाणमुखी निर्णयको लागि आपूर्ति व्यवस्थापन अवस्थाको लगातार अनुगमन र नियमित मुल्यांकन गर्ने ।

## ३. आपूर्ति शृंखला व्यवस्थापन कार्यसमूह (SCMWG) को गठन:

यस कार्यसमूह (working group) मा समाजिक विकास मन्त्रालय एवं विकास साझेदार र सरोकारवाला निकाय अन्तर्गतका र आपूर्ति शृंखला व्यवस्थापनमा आवद्ध आपूर्ति शृंखला विशेषज्ञहरु रहने छन र यो समुह समन्वय, सहकार्य, सहअस्तित्वको आधारशिलामा रही आपूर्ति शृंखला व्यवस्थापन सम्बन्धित बिशिष्ट उद्धेश्य हासिल गर्नमा तल्लिन रहने छ । यो कार्यसमूहको दयरा भनेको मौलिक प्रयोग, क्षमता विस्तार, सरोकारवालासंगको सहकार्यमा केन्द्रित रही स्वास्थ्य सामग्री आपूर्ति शृंखला सम्वन्धित महत्व पूर्ण भूमिका निर्वाह गर्नेछ । यो कार्यसमूहले प्रभावकारी आपूर्ति शृंखला व्यवस्था मिलाएर तोकिएका गुणस्तरीय अत्यावश्क औषधिहरु एवं सबै किसिमका स्वास्थ्य सामाग्रीहरु प्रदेश देखि जिल्ला, पालिका र सेवा प्रदायक संस्था हुँदै निर्वाधरुपमा सेवाग्राही समक्ष उपलब्धता हुने प्रवन्ध सुनिश्चित गर्दछ ।

## ४. लक्ष्य:

तोकिएका गुणस्तरीय अत्यावश्क औषधिहरु एवं सबै किसिमका स्वास्थ्य सामाग्रीहरु निर्बाधरुपमा सेवा प्रदायक संस्थामा बर्षैभरी अवाछिन्न उपलब्धताको सुनिश्चितता ।

## ५. उद्धेश्य:

- आपूर्ति शृंखला व्यवस्थापन प्रणालीमा रहेका कमि-कमजोरी पहिचान गर्ने ।
- आपूर्ति शृंखला व्यवस्थापन प्रणालीका समस्या एवं चुनौती सम्बन्धमा साझा सवालको पहिचान र बिचारको आदान-प्रदान गर्ने ।
- आपूर्ति शृंखला व्यवस्थापन प्रणालीमा आइपर्ने गम्भीर समस्या जस्तो सामग्रीको सुन्यमौज्दात, अतिमौज्दात, वितरणमा असन्तुलन सम्बन्धमा उचित निर्णय लिने ।
- प्रदेश र स्थानीय सरकारहरुको आवश्कतालाई मध्यनजर गर्दै आपूर्ति शृंखला व्यवस्थापनका योजना तर्जुमा, खरिद कार्य, भण्डारण, र वितरण व्यवस्थापन कार्यको सहजीकरण गर्ने ।
- आपूर्ति शृंखला व्यवस्थापनका गम्भीर सवाललाई हलगर्न आवश्यक निकास दिने ।
- केन्द्र, प्रदेश र स्थानीय तहमा आपूर्ति शृंखला व्यवस्थापन सम्वन्धित आधारभूत क्षमता विस्तार गर्दै स्वास्थ्य सामग्री आपूर्ति व्यवस्थापन सूचना (LMIS) प्रणाली, स्वास्थ्य सामग्रीको प्रवाह ( pipeline), प्रक्षेपण, परिमाण निर्धारण जस्ता कार्य सम्पादनमा आवश्यक सहजीकरण गर्ने ।
- बिभिन्न किसिमका प्राकृतिक प्रकोप तथा मानविय अवस्थामा आपूर्ति शृंखला लाई अविछिन्न रुपमा संचालन गर्न सहजिकरण गर्ने ।

प्रदेश सरकार सामाजिक ... मन्त्रालय

(१०)

६. **कार्यहरु:** आपूर्ति शृंखला व्यवस्थापन कार्यसमूहले अत्यावश्क औषधिहरु एवं किसिमका स्वास्थ्य सामाग्रीहरुको आपूर्ति सम्बन्धमा कुशल अभ्यास एवं सहकार्यका पक्षमा आवश्यक सोच - बिचारको आदान - प्रदान गर्ने ।

यो कार्यसमुह (SCMWG) आपूर्ति शृंखला सम्बन्धित विशेषगरी देहायका पक्षहरुमा क्रियाशील रहनेछ:

**आपूर्ति शृंखलागत मौलिक एवं नविनतम कार्य (supply chain innovation):**

- आपूर्ति शृंखला सम्बन्धित सवालहरु, चुनौती एवं अवासरहरुको पहिचान गर्ने ।
- आपूर्ति शृंखलामा कुशल अभ्यास एवं प्रक्रिया बसाउन सहकार्य गर्ने ।
- आपूर्ति शृंखला सम्बन्धित समग्र कार्यको निगरानी गर्ने ।
- आपूर्ति शृंखला सम्पादनमा सुधार ल्याउने ध्ययले मौलिक एवं नबिनतम कार्य(innovation) को पहिचान र अवलम्वन गर्ने/गराउने ।

**क्षमता विस्तार (Capacity Building):**

आपूर्ति शृंखलालाई प्रविधि र बदलिदो व्यवस्थापन सापेक्ष बनाउन आवश्यक पर्ने जनशक्ति एवं सो को निरन्तर विकाश, आवश्यक ज्ञान - शिप- दक्षताको पहिचान गरी सो को बन्दोवस्ती गर्दै स्व:स्फुर्त एवं प्रतिश्पर्धि र क्षमता सम्पन्न बनाउने ।

**कार्य सम्पादनको मापन (performance measurement):**

- आपूर्ति शृंखला सम्बन्धित कार्यसम्पादन मापनमा पाइएका न्युनता वा कमी-कमजोरी पहिल्याई सोलाई सम्बोधन गर्न आवश्यक संरचना एवं परिपाटी को विकास गर्ने ।
- अत्यावश्क औषधिहरु एवं सबै किसिमका स्वास्थ्य सामाग्रीहरुको आपूर्ति शृंखला सुधारका सवालमा सरोकार पक्ष्यका चासो उठाउने एवं बिचारको आदान-प्रदान गर्ने अवसरहरु पहिचान गर्ने ।
- आपूर्ति शृंखलासंग जोडिएका सफलताका कथाहरु र हासिल भएका उपलब्धि / पाठ /सिकाइहरु संकलन एवं सम्प्रेषण गर्ने ।

**७. आपूर्ति शृंखला व्यवस्थापन कार्यसमूह (SCMWG) को कार्य विववरण (Scope of Work):**

यो कार्यसमुह आपूर्ति शृंखला सम्बन्धित अन्यकुराको अतिरिक्त विशेषगरी देहायका क्रियाकलापप्रति उत्तरदायी रहनेछ:

- आपूर्ति शृंखला व्यवस्थापन कार्यसम्पादनका साथै भएका सुधारको चौमासिक अन्तरालमा पुनरावलोकनको आयोजना गर्ने ।
- अत्यावश्क औषधिहरु एवं सबै किसिमका स्वास्थ्य सामाग्रीहरुको आवश्यकता प्रक्षेपणमा सहमति जुटाउन वार्षिक बैठकको आयोजना गर्ने ।

१५

- चौमासिक अन्तरालमा प्रदेश स्तरमा अत्यावश्क औषधिहरु एवं सबै किसिमका स्वास्थ्य सामाग्रीहरुको प्रवाह (commodities pipeline) को पुनरावलोकन बैठकको आयोजना गर्ने ।
- आपूर्ति शृंखला व्यवस्थापन संग सम्बन्धित वार्षिक योजना तर्जुमा गर्न सघाउने ।
- आपूर्ति शृंखला व्यवस्थापनमा सघाउने सबै विकाश साझेदारहरुसंग आपसी समन्वय र सहयोग कायम गर्ने ।
- अत्यावश्क औषधिहरु एवं सबै किसिमका स्वास्थ्य सामाग्रीहरुको खरिद, भण्डारण, वितरण र ढुवानीको चुस्त-स्फुर्त / प्रभावकारी प्रवन्ध मिलाउन योजना वनाउने ।
- आपूर्ति शृंखला व्यवस्थापन सम्वन्धित नीति एवं रणनीतिको पुनरावलोकन गर्ने ।
- आपूर्ति शृंखला व्यवस्थापन मार्गनिर्देशिकाको निश्चित समयान्तरालमा पुनरावलोकन गर्ने ।
- अवश्यकता अनुसार बिद्युतीय आपूर्ति शृंखला व्यवस्थापन सूचना (e-LMIS Application) प्रणालीलाई पुनरावलोकन गरि अध्यावधिक गर्ने ।
- आपूर्ति शृंखला व्यवस्थापनमा देखिएका न्यूनता / कमी-कमजोरिको लेखा जोखा एवं मुल्यांकन गर्ने ।
- आवश्यकता अनुसार आपूर्ति शृंखला व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरुको प्रथिमिकताका साथ अनुगमन एवं सुपरिवेक्षण निमित्त योजना बनाउने ।
- आपूर्ति शृंखला सम्बन्धित क्रियाकलापहरुवारे निर्णय लिने / सघाउने ।

**८. आपूर्ति शृंखला व्यवस्थापन कार्यसमुह (SCMWG) को बैठक सम्बन्धमा:**

यस समुहको बैठक आवश्यकता अनुसार जहिले पनि र न्युनतम चौमासिक रुपमा एक पटक बस्नु पर्नेछ ।

**९.अपेक्षित उपलब्धीहरु (Anticipated Outcomes):**

- यो कायसमुह ले आपूर्ति शृंखला व्यवस्थापनसंग जोडिएका सवालहरु हल गर्नकालागि ठोस कदम चल्ने, अनुभव एवं सोच-विचारको साटासाट गर्ने स्थल को काम गर्नेछ ।
- आपूर्ति शृंखला खरिद र वितरण कार्यको सुसंचालनकालागि यथा समयमा प्रभावकारी निर्णय लिने ।
- तोकिएका गुणस्तरीय अत्यावश्क औषधिहरु एवं सबै किसिमका स्वास्थ्य सामग्रीहरु निर्बाधरुपमा सेवा प्रदायक संस्थामा बर्षैभरि अविछिन्न उपलब्धताको सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई सुचारु राख्ने ।

**१०. आपूर्ति शृंखला व्यवस्थापनमा कार्यसमूह का लागि प्रस्तावित सदस्यहरु:**

प्रदेश तहमा कार्यसमूहको अध्यक्षता स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकबाट हुनेछ र उपाध्यक्षता स्वास्थ्य निर्देशनालयका निर्देशकबाट हुनेछ ।

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय जनकपुर धनुषा

| क. स | नाम | पद |
|---|---|---|
| १ | निर्देशक, स्वास्थ्य आपूति व्यवस्थापन केन्द्र | अध्यक्ष |
| २ | निर्देशक, स्वास्थ्य निर्देशनालय | उपाध्यक्ष |
| ३ | प्रमुख, आर्थिक प्रसाशन नियन्त्रक, प्रदेश सरकार | सदस्य |
| ४ | स्वास्थ्य महाशाखा, समाजिक विकास मन्त्रालय | सदस्य |
| ५ | प्रमुख, स्वास्थ्य कार्यालय, धनुषा | सदस्य |
| ६ | प्रतिनिधी, फर्मासिष्ट तथा औषधी संघ | सदस्य |
| ७ | प्रतिनिधि डब्लुएचओ (WHO) | सदस्य |
| ८ | प्रतिनिधि यूनिसेफ (UNICEF) | सदस्य |
| ९ | प्रतिनिधि यूएनएफपिए (UNFPA) | सदस्य |
| १० | प्रतिनिधि एसेनड (ASCEND) | सदस्य |
| ११ | प्रतिनिधि सेभदचिल्ड्रेन | सदस्य |
| १२ | प्रतिनिधि डब्लुफपी | सदस्य |
| १३ | प्रतिनिधि GHSC-PSM/USAID | सदस्य |
| १४ | प्रतिनिधि WHH | सदस्य |
| १५ | फोकल पर्सन, प्रदेश आपूर्ति व्यवस्थापन शाखा र एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा | सदस्य सचिव |

**नोटः** आपूर्ति शृंखला व्यवस्थापन कार्यसमुहका गतिबिधिहरु- बैठक योजना, निमन्त्रणा/ एजेन्डा पठाउने र सो को अनुगमन, बैठक संचालन र अभिलेख तयार एवं वितरण सम्बन्धमा सदस्य सचिवले फोकल पर्सनको भुमिका निर्वाह गर्नेछ ।

११. आपूर्ति शृंखला व्यवस्थापन कार्यसमूह को बैठक मापदण्डः

- बैठक हरेक चौमासिकमा न्युनतम एक पटक वा आवश्यकता अनुसार बढी पटक हुनेछ ।
- बैठकको एजेन्डा स्पष्टसंग निर्धारण गरेको हुनु पर्दछ र बिषय-वस्तु कार्य विवरणभित्र रहेको हुनु पर्दछ ।
- एजेन्डा बैठक समय अघि नै पठाएको हुनु पर्दछ र छलफललाई प्रभावी गर्न सविस्तार प्रस्तुत गरिएको हुनु पर्दछ ।
- आपूर्ति शृंखला व्यवस्थापन कार्यसमूह को प्रत्येक बैठक अभिलेख बैठक भएको पाँच दिन भित्र सबै सदस्यलाई पठाउनु पर्दछ ।
- कार्यसमूह को बैठक एजेन्डामा सामेल बिषय-वस्तु वा सवालको प्रकृति हेरी बिषय-विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
जनकपुरधाम, धनुषा

१९७५